# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६ ] काठमाडौं, माघ १५ गते २०१३ साल [ संख्या ३८

### स्वास्थ्यमन्त्रालयको सूचना

५५०। स. भी. ०१३ ५ माघ, २०१३

निम्न लेखिएबमोजिम गर्ने गरी सरकारबाट निर्णय भएकोले सोबमोजिम गर्न गराउन यो सूचना प्रकाश गरिएको छ।

[१] भरमुलुकमा नेपाल सरकारको स्वास्थ्य सेवा तथा अरू कुनै सम्वन्धित विभाग वा संस्थाअन्तर्गत रहेको समस्त बेपासवाला कंपाउन्डर, नर्स ड्रेसर, वैद्य इत्यादि पदहरू खारेज गरी ती पदहरूलाई बेपासवाला नभनी हाल भै रहेको पासवाला पोष्टहरू सरह कायम रहने गरी शिर्फ कंपाउन्डर नर्स ड्रेसर वैद्य इत्यादि नामकरण गर्ने।

[२] बेपासवाला व्यक्तिहरूलाई स्वास्थ्य सेवाअन्तर्गत सरकारी नोकरीमा भविष्यमा प्रोत्साहन नदिनलाई कुनै बेपासवाला व्यक्ति हाल भै रहेके बेपासवाला पोष्टमा नोकरी गरी रहेको भए २॥ वर्षको म्याद दिई ६।६ महिनामा ४ पटकसम्म पास - दिन लगाउने र जाँच लिने प्रबन्ध गराउने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५२

[३] यो बेपासवाला व्यक्तिहरूलाई जाँच लिन आवश्यकतानुसार सम्बन्धित विभागीय स्कूलहरूमा ईक्जामिनिंग बोर्ड। ( Examining Board ) गठन गराई यो बोर्डद्वारा ६।६ महिनामा जम्मा ४ पटक सम्म परीक्षा दिन मौका दिने र प्रचलित प्रमाणपत्र समेत दिने।

(४) हाल बेपासवाला पोष्ट भैरहेकोमा हुनै पास भएको व्यक्ति काम गरिरहेको भए निज व्यक्तिले यो दफा १ बमोजिम हाल भै रहेको पासवाला पोष्टसरह तलब पाउने, तर दफा २ बमोजिम म्याद पाएका बेपासवाला व्यक्तिहरूलाई निजहरू पास नभएसम्म हाल खाई पाई रहेको तलब मात्र दिलाउने र निजहरू २॥ वर्षसम्म पनि पास नभएमा निजहरूलाई बर्खास्त गरी निजहरूको ठाउँमा पासवाला व्यक्तिलाई राखी पासवालाको स्केल खुवाउने।

(५) सरकारी नोकरीमा रहेका व्यक्तिहरूले जाँच दिन इच्छा गरेमा निज व्यक्तिहरूलाई २ वर्षभन्दा बढी सम्बन्धित काम गर्न सकेको भए जाँच दिन लगाउने र सरकारी नोकरीमा नरहेका व्यक्तिहरूले पनि माथि लेखिएका बोर्डमा जाँच दिन इच्छा गरेमा निजहरूले सम्बन्धित काम ३ वर्षसम्म गरी अनुभव प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता व्यक्तिलाई पनि यो जाँच दिन इजाजत दिने।

नोटः—परीक्षा विषयको रूल नियम पछि प्रकाशित हुनेछ।

आज्ञाले:—
माधवलाल,
का.मु. सेक्रेटरी—स्वास्थ्यमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।